आज मिति २०७४ पौष २८ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

१. प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका
२. उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका
३. सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका
४. सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका
५. सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका
६. सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका
७. सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका
८. सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका
९. सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका
१०. सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका
११. सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका
१२. सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका
१३. सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका
१४. सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका
१५. सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका
१६. सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका
१७. सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका
१८. सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका
१९. सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका
२०. सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका
२१. सदस्य श्री अर्चल राना मगर शितगंगा नगरपालिका

२२. सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री नारायण बहादुर कुँवर शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री माधव बन्जाडे शिक्षा अधिकृत

२. श्री कृष्ण पौडेल स्वास्थ्य संयोजक

३. श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा

४. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

५. श्री हुम बहादुर लामिछाने शितगगां न.पा. स.ई.

प्रस्तावहरु :-

१. सि.सि क्यामेरा तथा डिजिटल सूचना पार्टी जडान सम्बन्धमा ।

२. डिजिटल नापी माग गर्ने सम्बन्धमा ।

३. सडकको आई ई ई गर्ने सम्बन्धमा ।

४. सडक निर्माणको लागि अनुरोध गर्ने सम्बन्धमा ।

५. प्रहरी चौकी स्थापना माग गर्ने सम्बन्धमा ।

६. कानूनी सल्लाहकार नियुक्ति सम्बन्धमा ।

७. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

८. सडकमा पानी हाल्ने सम्बन्धमा ।

९. वडा तर्फको वजेट तथा योजना रकमान्तर सम्बन्धमा ।

१०. कक्षा ८ को परिक्षा संचालन सम्बन्धमा ।

११. अधिकार प्रत्यायोजन सम्बन्धमा ।

१२. सेवा सुेवा सुविधा सम्बन्धमा ।

**निर्णयाहरु**

निर्यय :- १.

प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकालाई व्यावस्थित रुपमा संचालन गर्नको लागि सि.सि.१ वटा क्यामरा र नगरपालिकाको सूचना तथा गतिविधि प्रसारणको लागि डिजिटल सूचना पार्टी जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलपल गर्दा यस शितगंगा नगरपालिका अर्न्तगत वडा नं. ३, ४ र १२ साविकको ठाडा गाविसमा डिजिटल प्रणालीबाट नापी गरिदिन नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो । साथै क्रमश यस न.पा.का सवै वडाहरुमा सोही प्रविधिबाट नापी गरि दिन अनुरोध गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा सडक निर्माण तथा स्तरोन्नतीको लागि प्रकृया अगाडी बढेका निम्न सडकहरुको वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने निर्णय गरियो ।

(क) चाक्ला सिद्धारा बहखोर पाकुरी भक्कुचोक धानखोला सडक

(ख) दोवाटा चावेनेटा खर्क खयरभट्टी टिकरी मोटर बाटो

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलपल गर्दा यस न.पा अर्न्तगतका मुख्य सडक अर्न्तगतको चाक्ला सिद्धारा बहखोर पाकुरी भक्कुचोक धानखोला सडक भुकम्प प्राधिकरण मार्फत स्तरोन्नती हुन लागेकोमा उक्त सडक चुरे क्षेत्रमा पर्ने भई राष्ट्रपती तराई मधेश चुरे संरक्षण समितिबाट सडक स्तरोन्नतीको लागि **वातावरणीय प्रभाव मुल्याङ्कन** गर्नु पर्ने भनि निर्माण प्रकृया अगाडी नवढेको जानकारी हुन आएकोले उक्त सडक नयाँ निर्माण/ट्रयाक खोल्ने नभई नियमित वस/जीप सेवा संचालन हुदै आएको सकड भएको र सडकको स्तरोन्नती गर्ने कार्य मात्र भएकोले **प्रारम्भिक वातावरणिय परिक्षण** गरी सडक स्तरोन्नती गर्ने कार्यको लागि आवश्यक सहयोग हुन राष्ट्रपती तराई मधेश चुरे संरक्षण समिति लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका को प्राकृतिक श्रोतको चोरी निकासी नियन्त्रण तथा शान्ती सुरक्षा कायम गर्नकोलागि शितगंगा नगरपालिकाको वडा नं. ८ लाहापेमा स्थानीयबाट जग्गा समेत उपलब्ध गराएकोले प्रहरी चौकी स्थापनाको लागि र यसै नगरपालिका वडा नं. १४ को पावरामा समेत प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रहरी कार्यालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा आई पर्ने कानुनी जटीलता समेतका विषयमा कानुनी सल्लाह दिन एक जना कानुनी सल्लाहकार नियुक्ति गर्नु पर्ने भएकोले उपयुक्त कानुनी सल्लाहकार खोजी आगामी बैठक बाट कानुनी सल्लाहाकार नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाको संरक्षण गर्नु पर्ने आवश्यक्ता रहेकोले सोही बमोजिम जग्गा संरक्षण गर्ने कार्य नगरपालिकाले गर्ने र यसरी जग्गा संरक्षण गर्दा हुने खर्चहरु नगरपालिकाले कन्टिन्जेन्सी तथा मिल्दो शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ८.

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका तपशिल अनुसारका मुख्य सडक योजनाहरुमा धुलो अत्यधिक भई सवारी साधनहरु तथा मानिसहरु हिडडुल गर्न समस्या भएकोले परिक्षणको रुपमा हाल लाई निम्न सडकमा ट्याङ्कर मार्फत पानी हाली धुलो नियन्त्रण गर्ने व्यावस्था मिलाउने निर्णय गरियो ।

**तपशिल**

(क) भेडामारे सिमलपानी पावरा सडक

(ख) ठाडा अमराई जुकेना जलुके सडक

(ग) चाक्ला सिद्धारा बहखोर पाकुरी भक्कुचोक धानखोला सडक

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७४/६/६ र ७ गतेको नगरसभाबाट निर्णय भएका वडा तर्फका निम्न योजना तथा वजेट रकमान्तर तथा संसोधन गरिदिन भनि वडाको बैठकबाट निर्णय गराई माग भई आएकोले निम्न वडाका तपशिल बमोजिमका योजना तथा वजेट संसोधन गर्ने निर्णय गरियो ।

**तपशिल**

| साविकको | संसोधन भई कायम भएको |
|---|---|
| वडा नं. ६ को | |
| शिवादह मा.वि. छात्रा शौचालय निर्माण  रु १५०००० | शिवादह विद्यालय मर्मत सुधार  रु १५०००० |
| धर्म आधारभुत विद्यालय खा.पा. मर्मत रु ५०००० | धर्म आधारभुत विद्यालय भवन मर्मत रु ५०००० |
| कल्याण आधारभुत विद्यालय खानेपानी मर्मत रु ५०००० | कल्याण आधारभुत विद्यालय भवन मर्मत रु ५०००० |
| सिद्धार्थ आधारभुत खा.पा. मर्मत रु ७५००० | सिद्धार्थ आधारभुत विद्यालय भवन मर्मत  रु ७५००० |
| सिद्धार्थ नि.मा.वि. खा.पा. मर्मत रु १५०००० | सिद्धार्थ नि.मा.वि. भवन मर्मत रु १५०००० |

**वडा नं. ३ तर्फ**

१. आर्मीगेट हस्पीटल लखनटारी मोटरबाटोको लागि विनियोजित वजेट रु ५ लाख बाट रु १ लाख घटाउने, पाडेगैरा खर्सका मो.वा को लागि विनियोजित रु ५ लाख बाट रु २ लाख घटाई उक्त रु ३ लाख बाट बाउन्ने खर्सका खानेपानी योजना निर्माण गर्ने ।

२.जेष्ठ नागरिक सम्मानको लागि विनियोजित रु ७५ हजारको कार्यक्रम हटाई सो को सट्टा कैलासेका किसानहरुलाई आलुको विउ मल विसादी वितरण गर्ने ।

३. डालेघास नर्सरीको लागि विनियोजित रकम रु १ लाखको कार्यक्रम हटाउने, सिम्ले मुलाकाटुनी भालुखोला ठाडा खानेपानी योजना पाईप खरिद मा विनियोजित रकम रु २७५०००।- बाट रु १ लाख घटाई उक्त दुवै योजनाको १/१ लाख  गरी जम्मा रु २ लाख बाट पोखरी खिव्दी न्वार मोटर बाटो निर्माण गर्न विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

**कक्षा ८ को परीक्षा संचालन संवन्धमा ।**

शिक्षा विभाग सानोठिमी भक्तपुरको चको पत्र बमोजिम कक् ०५।०८।२०७४ मिति ९१ नं.षा ८ को परिक्षा संचालन व्यवस्थापन तथा प्रमाणिकरण स्थानीय तहबाट नै गर्नु पर्ने अवस्था रहेको र सो सम्बन्धी प्रश्न पत्र  उत्तर पुस्तिका र मार्कसिट निर्माण र  छपाई लगायतका कार्यहरु जिल्ला शिक्षा ,कार्यालय बाट हुने

गरि उक्त परीक्षा  सम्बन्धी अन्य कार्य संचालनको आबश्यक रकम रु  २ लाख मात्र शिक्षा शाखा मार्फत खर्च गर्ने गरि उपलब्ध गराउने निर्णय गरियो।

**अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

स्थानीय सरकार सैचालन ऐन २०७४ को दफा १८ मा ब्यबस्था भए बमोजिम सो ऐनको दफा ११ जमा  . उल्लिखित आधारभुत र माध्यमिक शिक्षा सम्बन्धि विषयमा नगरकार्यपालिका एवं नगरप्रमुखको सामान्य निति निर्देशन र  रेखदेख रही  शिक्षा शाखा सम्बन्धि दैनिक प्रशासनिक कार्यका अतिरिक्त देहाय बमोजिमका कार्यहरु गर्ने गरि यस नगरपालिकाका शिक्षा शाखाका शाखा अधिकृत श्री माधव वन्जाडेलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१. सामुदायिक तथा संस्थागत विद्यालय स्थापना तथा कक्षाथपको अनुमति प्रदान गर्ने।
२. सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको नियमानुसार सरुवाको  लागि  सहमति प्रदान, सिफारिस तथा सरुवा गर्ने ।
३. शैक्षिक अवलोकन भ्रमणको लागि विद्यालयलाई अनुमति प्रदान गर्ने।
४. विद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारि दरवन्दिमा करारमा शिक्षक नियुक्तिको लागि अनुमति प्रदान गर्ने।
५. आधारभुत तह कक्षा ८ को परीक्षाको रेखदेख, अनुगमन निरीक्षण तथा  प्रमाणिकरण सम्बन्धि कार्य गर्ने।
६. विद्यालय को शैक्षिक व्यबस्थापकीय एवं आर्थिक पक्षको अनुगमन निरीक्षण भौतिक निर्माण कार्यको लागि सिफारिस, सो कार्यको अनुगमन निरीक्षण तथा खर्च फर्सौटको लागि सिफारिस गर्ने।
७. ट्युसन कोचिङ संचालनको लागि अनुमति प्रदान गर्ने।
८. स्रोत व्यक्तिहरुलाई  विद्यालय अनुगमन निरीक्षणको लागि विद्यालयमा खटाउने तथा फिल्डकाज स्वीकृतिको लागि जिशिअ समक्ष सिफारिस गर्ने।
९. यस नगरपालिका, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा जिल्ला शिक्षा कार्यालयबाट भएका निर्देशन, परिपत्र, सूचना बमोजिम स्थानीय तहबाट गर्नु पर्ने शिक्षा सम्बन्धि विषयमा सिफारिस गर्ने, प्रमाणित गर्ने, विद्यालयहरुलाई पत्राचार एवं सूचना गर्ने तथा शिक्षा सम्बन्धि अन्य कार्यहरु गर्ने गराउने।